# श्री ओखलढुंगा जिल्ला अदालतबाट जारी भएको जरिवाना छुट सम्बन्धी अत्यन्त जरुरी सूचना ।

**सूचना प्रकाशन मिति :- २०७३/०१/१२**

यस अदालतको लगत बमोजिमका विभिन्न मुद्दाका विभिन्न व्यक्तिहरुको नाउँमा यस अदालत र अन्य अदालतहरुको फैसला वा अन्तिम आदेश बमोजिम लागेको दण्ड, जरिवाना र सरकारी बिगो आदि बाँकी बक्यौता रकम बुझाउँदा जिल्ला अदालत नियमावली , २०५२ को नियम ८७ को उपनियम (२) मा भएको व्यवस्था अनुरुप **सूचना प्रकाशन भएको** मितिले देहाय बमोजिम छुट दिने गरी यस अदालतको मिति २०७३/०१/१२ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय

क. एक महिनाभित्र सम्बन्धित व्यक्तिले त्यस्तो बाँकी बक्यौताको रकम बुझाउन ल्याएमा सो रकमको पन्ध्र (१५ ) प्रतिशत

ख. दुई महिनाभित्र बुझाउन ल्याएमा तेह्र (१३) प्रतिशत

ग. तीन महिनाभित्र बुझाउन ल्याएमा एघार (११) प्रतिशत

घ. चार महिनाभित्र बुझाउन ल्याएमा नौ (९) प्रतिशत

ङ. पाँच महिनाभित्र बुझाउन ल्याएमा सात (७) प्रतिशत

च. छ महिनाभित्र बुझाउन ल्याएमा पाँच (५) प्रतिशत